# त्रियुगा नगरपालिकाको बिनियोजन विधेयक, २०७४

त्रियुगा नगरपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

नगर सभावाट निर्णय मितिः २०७४।०५।२७ गते

## <u>प्रस्तावनाः</u>

त्रियुगा नगरपालिकाको आर्थिक बर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम त्रियुगा नगर कार्यपालिकाले यो विधेयक बनाएको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस विधेयकको नाम " त्रियुगा नगरपालिकाको विनियोजन विधेयक, २०७४" रहेको छ ।

(२) यो विधेयक नगर सभाको अधिवेसनबाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

### २. परिभाषा :

(क) " नगर सभा " भन्नाले त्रियुगा नगरपालिको नगर सभालाई सम्झनु पर्दछ ।

(ख) " कार्यपालिका " भन्नाले त्रियुगा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) " वडा समिति " भन्नाले त्रियुगा नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

(ग) "विषयगत शाखा" भन्नाले त्रियुगा नगरपालिका अन्तर्गतको विभाग, महाशाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाई समेतलाई सम्झनु पर्दछ ।

(घ) " सञ्चित कोष " भन्नाले त्रियुगा नगरपालिकाको सञ्चित कोष लाई सम्झनु पर्दछ ।

### ३. आर्थिक वर्ष २०७४/०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

(१) आर्थिक वर्ष २०७४/०७५ को निमित्त त्रियुगा नगरपालिका, नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ८१,११,७६,२१३।- (अक्षेरुपी एकासी करोड एघार लाख छयहत्तर हजार दुई सय तेह्र रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

### ४. विनियोजनः

(१) यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४/०७५ को निमित्त त्रियुगा नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा

अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची - १

(दफा ३ संग सम्वन्धित)

नेपालको संविधानको धारा २२९ (२) वमोजिम

## सञ्चित कोषवाट विनियोजन हुने रकम

रकम रु. हजारमा

| क्र.सं. | अनुदान | शीर्षकको नाम | चालु खर्च | पुंजीगत खर्च | बित्तिय ब्यबस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | तलव भत्ता पारिश्रमिक आदि | ८७,००० | | | |
| २ | | पारिश्रमिक आन्तरीक श्रोत | १३,६०० | | | |
| ३ | | शिक्षा तर्फ | १९१,१९६ | | | |
| ४ | | स्वास्थय तर्फ (आर्युद, अस्पताल समेत) | ५३,५८६ | | | |
| ५ | | कृषी प्राविधिकको तलव | ६४० | | | |
| ६ | | एक गाउ एक प्राविधिक | १,१८३ | | | |
| ७ | | आर्थिक विकास समिति | | १०,१५०|०० | | |
| ८ | | पूर्वाधार विकास समिति | | २२६,९५५|९५ | | |
| ९ | | वातावरण तथा विपद व्यवस्थापन | | २४,३८५|१९ | | |
| १० | | संस्थागत विकास | | ६९,१४६|०७ | | |
| ११ | | सामाजिक विकास | | १३३,३३४|०० | | |
| **जम्मा** | | | **३४७,२०५** | **४६३,९७१|२१** | | **८१११७६|२१३** |

*मिति २०७४/०५/२७ गतेको प्रथम नगर सभाले*
*पारित गरेको प्रमाणित गर्दछु।*

*श्री बलदेव चौधरी*
*नगर प्रमुख*

## त्रियुगा नगरपालिकाको बिनियोजन ऐन, २०७४

त्रियुगा नगरपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

नगर सभावाट निर्णय मितिः २०७४।०५।२७ गते

**प्रस्तावनाः**

त्रियुगा नगरपालिकाको आर्थिक बर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम त्रियुगा नगर कार्यपालिकाले यो ऐन बनाएको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम " त्रियुगा नगरपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन नगर सभाको अधिवेसनबाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

### २. परिभाषा :

(क) " नगर सभा " भन्नाले त्रियुगा नगरपालिको नगर सभालाई सम्झनु पर्दछ ।
(ख) " कार्यपालिका " भन्नाले त्रियुगा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।
(ग) " वडा समिति " भन्नाले त्रियुगा नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।
(ग) "विषयगत शाखा" भन्नाले त्रियुगा नगरपालिका अन्तर्गतको विभाग, महाशाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाई समेतलाई सम्झनु पर्दछ ।
(घ) " सञ्चित कोष " भन्नाले त्रियुगा नगरपालिकाको सञ्चित कोष लाई सम्झनु पर्दछ ।

### ३. आर्थिक वर्ष २०७४/०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

(१) आर्थिक वर्ष २०७४/०७५ को निमित्त त्रियुगा नगरपालिका, नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ८१,११,७६,२१३।- (अक्षेरुपी एकासी करोड एघार लाख छयहत्तर हजार दुई सय तेह्र रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

### ४. विनियोजनः

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४/०७५ को निमित्त त्रियुगा नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

*मिति २०७४/०५/२७ गतेको प्रथम नगर सभाले पारित गरेको प्रमाणित गर्दछु।*

*श्री बलदेव चौधरी*
*नगर प्रमुख*

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची - १

(दफा ३ संग सम्वन्धित)

नेपालको संविधानको धारा २२९ (२) वमोजिम

## सञ्चित कोषवाट विनियोजन हुने रकम

रकम रु. हजारमा

| क्र.सं. | अनुदान | शीर्षकको नाम | चालु खर्च | पुंजीगत खर्च | बित्तिय ब्यबस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | तलव भत्ता पारिश्रमिक आदि | ८७,००० | | | |
| २ | | पारिश्रमिक आन्तरीक श्रोत | १३,६०० | | | |
| ३ | | शिक्षा तर्फ | १९१,१९६ | | | |
| ४ | | स्वास्थय तर्फ (आर्युद, अस्पताल समेत) | ५३,५८६ | | | |
| ५ | | कृषी प्राविधिकको तलव | ६४० | | | |
| ६ | | एक गाउ एक प्राविधिक | १,१८३ | | | |
| ७ | | आर्थिक विकास समिति | | १०,१५०।०० | | |
| ८ | | पूर्वाधार विकास समिति | | २२६,९५५।९५ | | |
| ९ | | वातावरण तथा विपद व्यवस्थापन | | २४,३८५।१९ | | |
| १० | | संस्थागत विकास | | ६९,१४६।०७ | | |
| ११ | | सामाजिक विकास | | १३३,३३४।०० | | |
| **जम्मा** | | | **३४७,२०५** | **४६३,९७१।२१** | | **८१११७६।२१३** |

*मिति २०७४/०५/२७ गतेको प्रथम नगर सभाले पारित गरेको प्रमाणित गर्दछु।*

*श्री बलदेव चौधरी*
*नगर प्रमुख*